# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २६७ | काठमाडौं | बुधबार, ०९ माघ २०८१ | Prabhab National Daily | Wednesday, January 22, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# मेयर साम्पाङलाई प्रधानमन्त्रीले दिएनन् भेट

- मेयर साम्पाङले भने- केपी ओलीले फेस गर्न सकेनन् मलाई
- प्रधानमन्त्रीको सचिवालयले भन्यो- भेटघाटको समय तय नै भएको थिएन
- अर्थमन्त्री र खानेपानीमन्त्रीसँग भेटवार्ता, बजेट पाउने आशा
- साम्पाङ मेयर भएको धरानकै प्राथमिकतामा छैन खानेपानी !



■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले रित्तो गाग्री ल्याएर काठमाडौं आएका धरान उपमहानगर पालिकाका मेयर हर्कराज साम्पाङलाई बेवास्ता गरेका छन् । साम्पाङ धरानको खानेपानी समस्या समाधानका लागि प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराउन भनेर आएका थिए ।

तर, ओलीले मंगलबार समय दिएनन् । उल्टै साम्पाङले ल्याएको रित्तो गाग्री थुताए । प्रहरीले सिंहदरबारभित्र लैजान नपाइने भन्दै रित्तो गाग्री खोसेको साम्पाङले बताएका छन् । प्रधानमन्त्रीले भेट्न नदिएपछि उनले आक्रोशित हुँदै सामाजिक सञ्जाल फेसबुकमा लेखे- केपी ओलीले फेस गर्न सकेनन् मलाई ।

ओली र साम्पाङ दुवै सरकारका प्रमुख हुन् । ओली संघ र साम्पाङ स्थानीय सरकारका प्रमुखका रूपमा कार्यकारी हैसियतमा छन् । तर पनि स्थानीय सरकारले पूर्वाधार क्षेत्रको विकासमा संघको मुख ताक्नुपरेको छ ।

क्रमशः पृष्ठ २ मा

## साम्पाङकै बेवास्तामा खानेपानी !

धरान उपमहानगरपालिकाको चालु आर्थिक वर्षको बजेट एक अर्ब ८९ करोड ४३ लाख ४८ हजार रूपैयाँको हो । शिक्षा, युवा तथा खेलकुदतर्फ ४६ करोड २६ लाख, स्वास्थ्यतर्फ आठ करोड तीन लाख ८४ हजार रूपैयाँ बजेट छ । अन्य विभिन्न शीर्षकमा पनि करोडौं बजेट विनियोजन गरिएको छ । तर, खानेपानी समस्या समाधान गर्न बजेट देखिँदैन । यसबाट मेयर हर्क साम्पाङ स्वयं खानेपानी समस्या समाधान गर्न कति चाहन्छन् ? भन्ने प्रस्ट हुने जानकारहरू बताउँछन् ।

उसो त मेयर साम्पाङले यसअघि धरानको खानेपानी समस्या समाधानका लागि भन्दै विदेशमा रहेका आफ्ना समर्थकसँग चन्दा मागेका थिए । धरानमा भएका समर्थकलाई श्रमदानमा लगाएका थिए । श्रमदानका नाममा सर्दु खोला, पकुवा खोला र कोकाह खोलाबाट पाइपमार्फत धरानसम्म पानी ल्याए । जुन योजनाको सञ्चालन साम्पाङ समूहको नियन्त्रणमा भयो । तर, यतिबेला धरानमा खानेपानी समस्या उस्तै छ ।

क्रमशः पृष्ठ २ मा

धरानको खानेपानी समस्या समाधानको निमित्त खानेपानी मन्त्रालय पहिलेदेखि नै लागिसकेको थियो । एडिबीको प्रोजेक्ट धरानमा लान्छौं । खानेपानी समस्या समाधान हुन्छ ।

● **प्रदीप यादव**
मन्त्री, खानेपानी मन्त्रालय

प्रधानमन्त्रीको फोन नै उठेन । स्वकीय सचिवले फोन उठाइदिए र भेट्न टाइम मिलाइदिए हुन्थ्यो । मलाई त समस्या भयो भने सर्वसाधारणलाई के होला ?

● **हर्कराज साम्पाङ**
प्रमुख, धरान उपमहानगर

# लेखा समितिमा चर्काचर्की

- सभापति पोखरेलको राजीनामा माग
- एमाले प्रतिरक्षामा उर्भिँदा चर्कियो विवाद



सार्वजनिक लेखा समिति सरकारको लाचार छायाँजस्तो बनेको छ । पारदर्शी नेतृत्व प्रदान गर्न बल पुग्नुपर्नेमा छुट दिएको देखिन्छ । हाम्रै बीचमा ९५ उजुरी छन् । सभापति प्रमुख प्रतिपक्षी दलले पाउनुपर्ने हो ।

■ **लेखनाथ दाहाल**
सांसद, माओवादी केन्द्र



तत्कालीन परम्पराअनुसार नै लेखासमितिको सभापति प्रतिपक्षीलाई दिनुपर्ने हो । तर यो तोडिएको छ । यो सुधार्नुपर्ने छ ।

■ **अर्जुननरसिंह केसी**
सांसद, नेपाली कांग्रेस



भाइरल हुन बोल्ने ? ल जाउँ प्रचण्डजीकहाँ जाउँ, डेलिगेसनमा । शेरबहादुरजीकहाँ जाउँ । माधव नेपालकहाँ जाउँ । रविजीकहाँ जाउँ । एजेन्डामा बहस छैन, कराएको छ, सभापतिलाई प्रश्न उठाएको छ ।

■ **तारा लामा तामाङ**
सांसद, नेकपा एमाले



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा मंगलबार सत्तापक्ष र प्रतिपक्षका सांसदहरूबीच चर्काचर्की भयो । प्रतिपक्षी दलहरू र सत्तारुढ दल नेपाली कांग्रेसकै सांसदहरूले सभापति ऋषिकेश पोखरेलको राजीनामा मागेपछि एमाले सांसद तारा लामा तामाङ प्रतिरक्षामा उत्रिएका थिए ।

त्यसपछि नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदबीच चर्काचर्की नै भयो । एक त लेखा समितिका सभापति पोखरेल विवादमा तानिएका छन् भने अर्को यो समितिको सभापतिमा सत्ता छाडेसँगै माओवादी केन्द्रले दाबी गर्दै आएको छ । यो विषयमा माओवादीका सांसदहरूले मंगलबार पनि प्रश्न उठाएपछि एमाले सांसद तामाङ कड्किएका थिए ।

'अनौपचारिक कुरामा अँगालो मारेर हिँड्ने । सधैं सभापतिलाई पेलेको छ । एजेन्डामा बहस हुँदैन । सधैं यो बोल्ने भए, अबदेखि बोले राम्रो हुँदैन,' तामाङले माओवादी केन्द्रका सांसदलाई लक्षित गर्दै चेतावनी दिए । यसबारे तुरुन्तै प्रतिवाद गरे माओवादी सांसद लेखनाथ दाहालले । 'के राम्रो हुँदैन भनेको ? कुस्ती खेल्न भनेको हो ? यो असंसदीय भाषा भयो, रेकर्डबाट हटाउनुहोस् ?,' दाहालले भने ।

माओवादीका सांसदहरू जनार्दन शर्मा, दाहाल र अमनलाल मोदीले लेखा समितिको नेतृत्व सरकारको नेतृत्वकर्ता दलले राख्न नहुने भनेर राजीनामा मागेका थिए । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद हरि ढकालले पनि सभापति पोखरेललाई राजीनामा दिन सुझाएका थिए ।

परम्पराअनुसार लेखा समितिको सभापति प्रतिपक्षलाई दिनुपर्ने माग कांग्रेस सांसद अर्जुननरसिंह केसीको थियो । 'परम्परा नै लेखा समितिको सभापति प्रतिपक्षीलाई दिनुपर्ने हो । तर यो तोडिएको छ,' केसीले भने । पोखरेलपत्नी अञ्जला कोइराला सहकारी ठगी प्रकरणमा मुछिएसँगै विपक्षीले उनको राजीनामा माग गर्दै आएका थिए । यद्यपि पछिल्लो समय अञ्जला यो प्रकरणमा अदालतबाट धरौटीमा छुटिसकेकी छन् ।

यस्तो अवस्थामा लगातार सभापति पोखरेलप्रति खनिएकोमा एमाले सांसदहरू असन्तुष्ट बने । त्यसपछि सांसद तामाङले आफूले बोलेको कुरा कुनै किसिमले हटाउन नमिल्ने तर्क गरे । 'किन हटाउने ? बोल्छु त । मैले कसैलाई इंगित गरेको छ र ? आफैं अनेक काम गरेर आउने,' सांसद तामाङले भने । उनलाई एमालेका अर्का सांसद योगेश भट्टराईले साथ दिए । भने, 'के असंसदीय भयो ? के असंसदीय भयो ?'

भट्टराई बोलेपछि माओवादी सांसद दाहालले आफ्नो अडान दोहोऱ्याए । भने, 'असंसदीय भयो । हटाउनुपर्छ ।' त्यसपछि सांसद तामाङले अर्थहीन कुरा गरेर चर्चामा आउन ठीक नहुने तर्क गरे । माओवादी अध्यक्ष पुष्पकमल दाहालले नै पोखरेललाई सभापति बनाएको दाबी गर्दै हटाउन डेलिगेसन जान सुझाए । 'भाइरल हुन बोल्ने ? ल जाउँ प्रचण्डजीकहाँ डेलिगेसनमा । शेरबहादुरजीकहाँ जाउँ । म आफैं जान्छु । हिजो आफैं बनाएको । एजेन्डामा बहस छैन, कराको छ, सभापतिलाई प्रश्न उठाएको छ,' तामाङले भने । माओवादी सांसद दाहालले 'राम्रो हुँदैन' भनेको के हो भनेर पटक-पटक प्रश्न गरेपछि तामाङले निरन्तर आफ्नो भनाइ राखे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# 'वैदेशिक रोजगार क्षेत्रको शुद्धीकरण आवश्यक'

■ विविशा पौडेल

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउनुपर्नेमा जोड दिएका छन् । यसका लागि वैदेशिक रोजगार व्यवसायकै शुद्धीकरण आवश्यक रहेको उनले बताए ।

'वैदेशिक रोजगार व्यवसायको मर्यादा राख्न यस क्षेत्रबाट हुने काम मर्यादित हुनुपर्छ,' मंगलबार वैदेशिक रोजगार बोर्डको सचिवालयले आयोजना गरेको कानुनी/नैतिक भर्तीसम्बन्धी कार्यशाला गोष्ठीमा सम्बोधन गर्दै मन्त्री भण्डारीले भने, 'यो व्यवसायको शुद्धीकरण आवश्यक छ ।' अमर्यादित हिसाबले काम गर्नेमाथि अब सरकार कडाइका साथ प्रस्तुत हुने उनले उल्लेख गरे । मन्त्री भण्डारीले सबै युवा विदेश पलायन भएको भन्ने गलत भाष्य निर्माण गरिएकोप्रति असन्तुष्टि व्यक्त गरे । वैदेशिक रोजगारीमा जाने ९० प्रतिशत युवा स्वदेश फर्किने भएकोले उक्त भाष्य गलत भएको उनको दाबी छ । 'वैदेशिक रोजगारीमा जानेमध्ये ९० प्रतिशतको हाराहारीमा खाडी मुलुकमा हो, उनीहरू फर्किएर नेपाल नै आउँछन्,' मन्त्री भण्डारीले भने ।

अर्को प्रसंगमा उनले वैदेशिक रोजगारीमा जाँदा श्रमिकमाथि पर्ने ऋणको भार कम गर्न सरकारले विनाधितो ऋणको व्यवस्था गरेको उल्लेख गरे । तर, यसरी ऋण दिँदा उल्टै सरकारले आलोचना बेहोर्नुपरेको उनको गुनासो छ । 'रोजगारी लागि जाँदा साहूसँग मिटरब्याजमा ऋण लिने प्रथालाई निषेध गऱ्यौं । श्रमिकलाई ऋणको पासोबाट बचाउन यो व्यवस्था गरिएको हो,' मन्त्री भण्डारीले भने, 'अहिले नेपाल राष्ट्र बैंकले विनाधितो ऋण दिने व्यवस्था गरेको छ । यसो गर्दा पनि रोजगारी दिनुको साटो उल्टै ऋण दिँदै विदेश पठायो भन्दै आलोचना भइरहेको छ ।'

उनले श्रमिकको सुविधाका लागि मन्त्रालय र मातहतका निकायको कामलाई पूर्णरूपमा 'डिजिटलाइजेसन' गर्न प्रयासरत रहेको बताए । व्यवसायी र श्रमिकबीचको बिचौलियालाई हटाउन जोड दिँदै उनले




अध्यादेशमार्फत आएको सुशासन ऐनको व्यवस्थाअनुसार अनावश्यक काम अल्झाउने र अड्काउने सरकारी निकायलाई कारबाही गर्न कानुनी उपचारको प्रयोग गर्न सुझाव दिए । सरकारी निकायले कुनै विषयमा निर्णय गर्न सात दिनभन्दा बढी लगाएमा कारबाही गर्ने व्यवस्था उक्त ऐनमा छ ।

मन्त्री भण्डारीले शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी)बाट अध्ययन तथा कलेजको नाममा वैदेशिक रोजगारीमा पठाउने काम भइरहेकोप्रति आफ्नो ध्यानार्कषण भएको बताए । '६० हजार नेपाली विद्यार्थी भिसामा जापानमा गएको देखियो । तर यथार्थमा पाँच हजार पनि विद्यार्थी छैनन्,' उनले विद्यार्थीको भिसामा विदेश जाने श्रमिकको बढ्दो संख्याप्रति चिन्ता प्रकट गर्दै भने ।

स्वदेशमा रोजगारी दिन अवसर सिर्जना हुनुपर्ने र यसतर्फ सरकारले काम गरिरहेको उनको भनाइ छ । उनले व्यावहारिक बन्न र यथार्थ बुझेर मात्रै सरकारको आलोचना गर्न आग्रह गरे । साउदी अरब, मलेसिया, कतार, कुवेतलगायत देशसँगको श्रम सम्झौता अन्तिम चरणमा पुगेको उनको भनाइ थियो ।

वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले सरकारले बनाएका कानुनी कुरामा ध्यान दिए श्रमिक र व्यवसायी कसैले पनि समस्यामा पर्नु नपर्ने धारणा राखे । सरकारलाई नटेर्ने व्यवसायीलाई कारबाही गर्न विभाग पछि नहट्ने चेतावनी दिँदै उनले श्रमिकलाई झूठो आश्वासन नबाँड्न व्यवसायीहरूलाई आग्रह गरे ।

'श्रमिकले आफ्नो सम्झौताअनुसारको काम र पारिश्रमिक पाइरहेका छैनन् । श्रमिकसँगै स्वयं व्यवसायीको हित र सम्मान बढ्ने काम गर्नुहोस्,' महानिर्देशक खत्रीले भने । व्यवसायीले आफ्नो पेसाप्रतिको सामाजिक उत्तरदायित्व वहन गरेर काम गरे धेरै समस्या आफैं हल हुने उनको भनाइ थियो ।

सोही कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले यस किसिमको कार्यक्रमले सबै क्षेत्रका विषयवस्तुलाई समटेर नीति निर्माणमा सहयोग पुऱ्याउने बताए । अझैसम्म पनि असल छवि बनाउन नसकेको वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउन यस क्षेत्रका विभिन्न समस्याको हल गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

सबै युवा विदेश पलायन भएको भन्ने भाष्य गलत छ । वैदेशिक रोजगारीमा जानेमध्ये ९० प्रतिशतको हाराहारीमा खाडी मुलुकमा हो, उनीहरु फर्किएर नेपाल नै आउँछन् ।

■ **शरतसिंह भण्डारी**, श्रममन्त्री

श्रमिकले आफ्नो सम्झौताअनुसारको काम र पारिश्रमिक पाइरहेका छैनन् । श्रमिकसँगै स्वयं व्यवसायीको हित र सम्मान बढ्ने काम गर्नुहोस् ।

■ **सूर्यबहादुर खत्री**
महानिर्देशक, वैदेशिक रोजगार विभाग

एउटा मेडिकल गर्दा नै १० हजार लाग्ने अवस्था छ । व्यावहारिक हिसाबले सेवा शुल्क तोकौं । हामीले कामदारको एक महिनाको तलबबापतको सेवा शुल्क माग गर्दै आएका छौं ।

■ **राजेन्द्र भण्डारी**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

श्रमिकलाई शून्य लागतमा पठाउन लाग्ने लागत कि रोजगारदाता कि सरकारले व्यहोर्नुपर्छ । रसिद १० हजारको काट्ने शुल्क अर्कै तिर्नुपर्ने ?

■ **इन्द्रदेव मिश्र**
महासचिव, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र

## पृष्ठ १ बाट क्रमशः

## लेखा समितिमा...

उनले आफूले कसैलाई इंगित नगरेको दाबी गर्दै भने, 'मैले कसैलाई इंगित गरेर बोल्या छैन । कसको खुट्टा काट्छु भन्दा कल्ले खुट्टा तान्या थियो भन्या जस्तो नगर्नु न ।'

त्यसपछि माओवादी सांसद दाहालले आफूहरूलाई नधम्क्याउन चेतावनी दिएका थिए । त्यसपछि तामाङले समितिमा अरु सदस्य पनि भएको उल्लेख गर्दै भने, 'तपाईंमात्रै हुनुहुन्छ त यो समितिमा ? म पनि छु । मैले आफैंलाई पनि भनेको हुन सक्छु । जहिले पनि त्यही कुरा गर्‍या छ, गर्‍या छ । जम्मै आजै छलफल गरौं न ।'

सभापतिको विषयलाई लिएर समितिमा विवाद लम्बिएपछि कांग्रेसका सांसद देवप्रकाश तिमिल्सनाले लेखा समिति सभापति भएपछि नछाड्ने प्रवृत्ति रहेको भनेर यससम्बन्धी प्रस्ट कानुनी व्यवस्थाकै आवश्यकता औंल्याए । 'अब एउटै काम गर्नुपर्‍यो । प्रतिपक्षी जो हुन्छ त्यसको लेखा समितिको सभापति हुने भनौं । घण्टा-घण्टामा सरकार चेञ्ज भए सभापति पनि घण्टा-घण्टामा चेञ्ज हुन्छ । यसमा लामो कुरा नगरौं,' तिमिल्सनाले भने ।

कानुनीरूपमै सम्बोधन गरिए दीर्घकालीन समाधाा हुनसक्ने उनको भनाइ थियो । 'कानुन बनाएपछि झगडै गर्नु परेन । एउटाले विगत लामो समयसम्म बैठक नै बहिष्कार गर्‍यो । यसकारण लेखिदिएपछि सरकार जतिबेला चेञ्ज हुन्छ त्यसको भोलिपल्टै हामी लेखा समिति सभापति चेञ्ज गरिदिइहाल्छौं । अनि यो विवाद गर्नै परेन,' तिमिल्सिनाले भने ।

सांसद दाहालले लेखा समितिका सभापति सत्तापक्षकै सांसद भएसँगै सत्ताको लाचार छायाँ बनेको आरोप लगाए । माओवादी सांसद मोदीले संसद् भनेकै प्रतिपक्षको भएको तर्क गर्दै धम्की नदिन एमाले सांसदहरूलाई चेतावनी दिए । 'संसद् भनेको प्रतिपक्षको हो । अनि संसद्को प्रतिपक्षका साथीहरू बोल्दा धम्की दिन मिल्छ ? खोजेकै हो भन्न मिल्ने ?,' सांसद मोदीले भने, 'अहिले हामी ३२ सिटका छौं । अर्को २० सिटको प्रतिपक्षमा छ । अरू प्रतिपक्षमा छन् । यिनलाई धम्की दिन मिल्छ ? कुस्ती खेल्न आउने ? यो कुरा हुन्छ संसद्मा ?'
बोल्नमै लगाम लगाएको भनेपछि समिति सभापति पोखरेलले आफूबाट त्यस्तो नभएको उल्लेख गर्दै मनलागेजति बोल्न दिइएको दाबी गरे । 'माननीयज्यूहरू सायदै सबै समितिहरूमध्ये सिंगो संसद्मध्ये लेखा समिति नै होला मनलागेजति बोल्न दिइएको छ,' सभापति खपोखरेलले भने ।

■■■

## मेयर साम्पाङलाई...

त्यसका लागि काठमाडौं धाउनुपर्ने बाध्यता कायमै छ । सोहीअनुसार साम्पाङ काठमाडौं आए । आउँदा पनि प्रधानमन्त्री ओली र मन्त्रीहरूका स्वकीय सचिवसहितका सम्बन्धित अधिकारीले फोन नउठाइदिँदा समस्या भएको बताएका छन् । उनले फोन नउठेकै कारण समस्या भएको गुनासो गरे । आफू धरानमा खानेपानीको व्यवस्थाका लागि बजेट सुनिश्चितताको मागसहित रित्तो गाग्री लिएर आउनुपरेको भन्दै मेयर साम्पाङले भने, 'स्वकीय सचिवले फोन उठाइदिए र भेट्न टाइम मिलाइदिए हुन्थ्यो । मलाई त समस्या भयो भने सर्वसाधारणलाई के होला ?'

यता प्रधानमन्त्रीको सचिवालयले भने मेयर साम्पाङसँग भेटका लागि मंगलबार समय तय न नभएको बताएको छ । सचिवालयका एक अधिकारीले भने, 'उहाँले सामाजिक सञ्जालमा लेखेर प्रधानमन्त्रीलाई भेट्न आउने बताउनुभयो तर आज (मंगलबार) भेट्ने भनेर समय लिनुभएको थिएन ।' प्रधानमन्त्रीलाई भेट्न नपाएका मेयर साम्पाङले अर्थमन्त्री विष्णु पौडेललाई भने भेटेका छन् । त्यस क्रममा पौडेलले आफू धरानको खानेपानी समस्या समाधानका लागि प्रतिबद्ध रहेको बताएको साम्पाङले बताए । उनका अनुसार उक्त खानेपानी आयोजनाका लागि पाँच अर्ब ७२ करोड लाग्ने देखिएको छ ।

पौडेलभन्दा अघि साम्पाङले खानेपानीमन्त्री प्रदीप यादवलाई भेटेका थिए । भेटपछि खानेपानीमन्त्री यादवले धरानको खानेपानी समस्या समाधानका लागि आफ्नो कुरा सुनेपछि साम्पाङ खुसी भएर गएको बताए । 'धरानको खानेपानी समस्या समाधानको निमित्त खानेपानी मन्त्रालय पहिलेदेखि नै लागिसकेको थियो । प्रक्रियाहरू अगाडि बढिसकेको थियो । हामीले एडिबीको प्रोजेक्ट धरानमा लान्छौं,' उनले सिंहदरबारमा पत्रकारहरूसँग भने, 'यसपटक टेन्डर निस्किन्छ, धरानको खानेपानी समस्या समाधान हुन्छ । हर्क साम्पाङजी मेरो कुरा सुनेर खुसी भएर जानुभएको छ ।'

धरानमा हरेक सुख्खायाममा खानेपानी समस्या चर्किंदो छ । सर्दु, खर्दु, कोकाहासँगै भूमिगत जलस्रोतको पानीले धरानको खानेपानी माग धान्ने अवस्था छैन । मेयर साम्पाङका अनुसार टचांकरबाट पानी आपूर्ति गर्नुपर्ने अवस्था विद्यमान छ । सोही कारण दीर्घकालीन रूपमा खानेपानी समस्या समाधानका लागि भन्दै आफू मागपत्रसहित काठमाडौं आएको बताएका छन् ।

धरानमा ३४ हजारभन्दा बढी घरधुरी छन् । झण्डै प्रत्येक दिन तीन करोड लिटर पानीको माग हुने गरेको खानेपानी व्यवस्थापन बोर्ड धरानले जनाएको छ । तर, मागअनुसार पानी आपूर्ति गर्न सकिने अवस्था छैन । पानी हरेक दुई दिनमा एक घण्टा पाउने स्थिति रहेको बोर्डको भनाइ छ ।

■■■

## साम्पाङकै ...

अहिले खानेपानी अभियानका क्रममा उठेको रकम अपारदर्शी भएको भन्दै प्रश्न उठेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि त्यसबारे साम्पाङसँग जवाफ मागेको छ । जवाफमा साम्पाङले सीधै भनेका छन्, 'दाताले भात खानु दिएको पैसाको हिसाब खोज्नु हुँदैन ।'

तर, साम्पाङमाथि हिसाबकिताव सार्वजनिक गर्न केही महिनाअघि सामाजिक सञ्जालमार्फत दबाब बढ्यो । त्यसपछि उनले कोकाह खानेपानी अभियानको हिसाब लेखापरीक्षणविनै सार्वजनिक गरे । जुन खर्च पहिले सार्वजनिक गरिएको प्रचारमाभन्दा फरक थियो । उनले सात करोड चार लाख १८ हजार रूपैयाँ संकलन भएको भनेका थिए । तर, त्यसअनुसारको काम नभएको भन्दै अहिलेसम्म साम्पाङ र उनको समूहको आलोचना हुने गरेको छ ।

त्यसमध्ये खाजा, खाना र पानीमा ५० लाख, ज्याला २७ लाख एक हजार रूपैयाँ तिरिएको, सर्भे खर्च एक लाख ६७ हजार, मर्मत खर्च भनेर एक लाख ३३ हजार रूपैयाँ देखाइएको छ । पाइप खरिदमा तीन करोड रूपैयाँभन्दा बढी खर्च गरिएको उल्लेख छ । जबकि, श्रमदानमा ज्याला तिरिएको विषय विवादित छ ।

■■■

## वैदेशिक रोजगार...

'फ्रि भिसामा पठाउनुमात्र मर्यादित बन्नु हो भन्ने मानसिकता छ तर व्यावहारिक प्रक्रिया बुझ्न जरुरी छ,' अध्यक्ष भण्डारीले भने ।

हाल कायम रहेको १० हजार रूपैयाँ सेवा शुल्क अव्यावहारिक रहेको भन्दै उनले यसको पुनरावलोकन जरुरी भएकोमा जोड दिए । 'एउटा मेडिकल गर्दा नै १० हजार लाग्ने अवस्था छ । व्यावहारिक हिसाबले सेवा शुल्क तोकौं । हामीले कामदारको एक महिनाको तलबबापतको सेवा शुल्क माग गर्दै आएका छौं,' अध्यक्ष भण्डारीले भने ।

यसैगरी विभिन्न देशबाट आएका मागपत्र प्रमाणीकरण नहुँदा मानिसहरू गैरकानुनी माध्यमबाट विदेश गइरहेको उनले बताए । अहिले व्यक्तिगत हिसाबले श्रम स्वीकृति लिने क्रम बढेकोले यसलाई संस्थागतरूपमा ल्याउनुपर्ने, नवीकरणमा १०० जनाको न्यूनतम प्रावधान अव्यावहारिक भएकोलगायतका कारण व्यवसायीलाई समस्या परेको अध्यक्ष भण्डारीको भनाइ थियो ।

कार्यक्रममा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका महासचिव इन्द्रदेव मिश्रले श्रमिकका हक हित र अधिकारका विभिन्न सवाल उठाए । रोजगारी पाउन पनि पैसा तिर्नुपर्ने प्रचलन अनुचित भएको उनको भनाइ थियो । 'श्रमिकलाई शून्य लागतमा पठाउन लाग्ने लागत कि रोजगारदाता कि सरकारले व्यहोर्नुपर्छ,' उनले भने, 'रसिद १० हजारको काट्ने शुल्क अर्कै तिर्नुपर्ने ? बरु १० हजारको प्रावधान नै हटाउँ ।'

त्यसैगरी एउटै मन्त्रालय मातहत तीनवटा सामाजिक सुरक्षा कोष बनाउन आवश्यक नरहेको भन्दै एउटै कोषलाई प्रभावकारी बनाउन उनले सुझाव दिए । महासचिव मिश्रले विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिनुपर्ने, अन्य मुलुकबाट जाने श्रमिकको सेवासुविधासरह नेपाली श्रमिकले नपाइरहेको विषयमा पनिसरकारको ध्यानाकर्षण गराए ।

वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले वैदेशिक रोजगार क्षेत्रमा देखापरेका विभिन्न समस्याको समाधान गरेर यस क्षेत्रलाई कसरी सुरक्षित, मर्यादित र सम्मानजनक बनाउने भन्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताए । गोष्ठीमा सरकार र व्यवसायीबीचको घनिभूत छलफलबाट निष्कर्षमा पुगिने बताए ।

मंगलबारबाट सुरु भएको गोष्ठी आजसम्म चल्ने छ । व्यवसायीहरूलाई दुई समूहमा विभाजन गरी गोष्ठीमा सहभागी गराइने बोर्डले जनाएको छ । गोष्ठीमा बोर्डको प्रस्तुतीकरण, कानुनी/नैतिक भर्ती (इथिकल रेक्रुटमेन्ट), मानव बेचबिखन न्यूनीकरणमा व्यवसायीको भूमिका, कर दायित्वलगायत विषयमा प्रस्तुति तथा छलफल गरिने जनाइएको छ ।

### रद्द गरिएको सूचना

यस International Trade Links Nepal Pvt. Ltd. को Lot No. 307566 को लटनम्बर नभएको र विज्ञापन भूलवस मिति २०८१ माघ ७ र ८ गतेको प्रभाव दैनिक (वर्ष ११ अंक २६५ र २६६) मा प्रकाशन हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com
Govt. License No. 706/064/065

### मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२४ गते काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. ७ शिवचोकस्थित सडक किनारमा ४:०० बजे पार्किङ गरिराखेको अवस्थामा कालो/रातो रङ्को Pulsar 220 F ABS मोटरसाइकल अन्दाजी ५:५८ बजेतिर हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : रोशन घलान
बाइक नं. : बा.प्र. ०२-०५२ प ४६४९
च्यासिस नं.: MD2A13EX4RCD81837
इन्जिन नं. : DKXCRD27612
ठेगाना: काठमाडौं
सम्पर्क: ९८४०४८०७८६

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २६६ माघ ८ गते २०८१ मा प्रकाशित **Premium Human Resource** को Lot No. 310862 को विज्ञापनमा कम्पनीको नाम Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. Dubai Branch हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753,
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np


### कुवेतमा रोजगार

कम्पनी : Bin Eleven Coffee Food Supplies, Mills & Roastry Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ LT. No. 317490 चलानी नं. ६०२३१६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 6 | 3 | 140 | ६२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastries Maker | 2 | 0 | 140 | ६२,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



### युएइमा रोजगार

कम्पनी : A & S CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०७ LT. No. 305472 चलानी नं. ६०२२०२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 30 | 0 | 900 | ५४,९६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 26 | 0 | 900 | ५२,७७० | | | | | | | |
| 3 | Electrician Assistant | 30 | 0 | 1100 | ५२,७७० | | | | | | | |
| 4 | Office Clerk | 2 | 25 | 1200 | ५२,७७० | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 1200 | ५२,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

### जापानमा रोजगार

कम्पनी : Woodland Kobe Business Cooperative

पूर्व स्वीकृति मिति : २०८०/०२/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०८ LT. No. 286492 चलानी नं. ६०२०२१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 4 | 0 | 185000 | १६३,८४० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


IMPERIAL OVERSEAS PVT. LTD.
Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

### जापानमा रोजगार

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८०/०२/०९ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०८ LT. No. 286492 चलानी नं. ६०२०२१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 4 | 5 | 1,85,000 | १,६३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


IMPERIAL OVERSEAS PVT. LTD.
Govt. Lic. No. 816/065/066
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

### कुवेतमा रोजगार

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction & Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ LT. No. 317423 चलानी नं. ६०२३१६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cnc Machnine Operator | 5 | 0 | 180 | ८०,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 200 | ८९,४०० | | | | | | | |
| 3 | Erection Engineer Process Plants | 5 | 0 | 500 | २२,३५०० | | | | | | | |
| 4 | Erection Forman | 5 | 0 | 200 | ८९,४०० | | | | | | | |
| 5 | Erector | 30 | 0 | 140 | ६२,५८० | | | | | | | |
| 6 | Fabrication Foreman | 5 | 0 | 200 | ८९,४०० | | | | | | | |
| 7 | Fabricator | 30 | 0 | 150 | ६७,०५० | | | | | | | |
| 8 | Labour | 60 | 0 | 100 | ४४,७०० | | | | | | | |
| 9 | Land Seveyor | 5 | 0 | 500 | २२,३५०० | | | | | | | |
| 10 | Safety Officer | 5 | 0 | 400 | १७,८८०० | | | | | | | |
| 11 | Steel Fitter | 25 | 0 | 140 | ६२,५८० | | | | | | | |
| 12 | Welder | 20 | 0 | 140 | ६२,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np


# Surnaya Rural Municipality
# Office Of Rural Municipal Executive
Rauleshwar,Baitadi

## Invitation for Bids

**Date of first publication: 2081-10-09(2025-Jan-22)**

1. Surnaya Rural Municipality , Baitadi invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| S.N. | Contract No. | Name and location of the Construction Work | Estimated Amount Incl.of VAT & PS (NRS) | Bid Security Amount(NRS) | Validityof Bid Security (Days) | Non Refundable Bid Document Fee (NRS) | Last Date For Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/SRM/BAITA-DI/06/081-82 | **Construction Of Siunde Bijul Bagthala Road Culvert, Surnaya -3** | 3227593.35 | 81000 | 120 | 3,000 | 2025 Feb 21 12:00 |
| 2 | NCB/SRM/BAITA-DI/07/081-82 | **Construction Of Raulakedar Padmarg,Surnaya-4** | **2394386.5** | 60000 | 120 | 3000 | |
| 3 | SQ/SRM/BAITA-DI/08/081-82 | **Construction Of Bachpani Ward Office Jhadbo Road, Surnaya-8** | **1552608.29** | 39000 | 60 | 1000 | 2025 Feb 7 12:00 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by thebidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|---|---|
| Bank: | Nepal Investment Megha Bank | Bank: | Nepal Investment Megha Bank |
| Office Name: | Surnaya Rural Municipality | Office Name: | Surnaya Rural Municipality |
| Aantarik Rajaswo ac-count No. | 06501400250016(Aantarik Rajaswa Khata No.) | Dharauti ac-count No. | 06501040250351(Dharauti Khata No.) |
| Office code: | 80774506300 | Office Code | 80774506300 |

3. Pre-bid meeting should not be held.
4. The bids will be opened in the presence of Bidders' represem m m ntatives who choose to attend at opening time at the Surnaya Rural Municipality. Bids security must be valid for a period as specified above and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified above.
5. If the date of opening falls on a government holiday, then the next working day shall be considered as the openingdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date ofbid submission.
6. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
7. Any amendment in the tender notice shall be posted in the notice board of the Surnaya Rural Municipality office andPPMO's website: www.bolpatra.gov.np/egp.
8. Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

***Chief Administrative Officer***

# सगरमाथा संवाद कार्यक्रम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा हुने सगरमाथा संवाद कार्यक्रमको शुभारम्भ गरेका छन् ।

अन्तर्राष्ट्रिय हिमनदी वर्ष, २०२५ का अवसरमा मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा वन तथा वातावरण र परराष्ट्र मन्त्रालयद्वारा आयोजित कार्यक्रममा उनले संवाद कार्यक्रमको सुरूआत गरेका हुन् ।

सरकारले पहिलोपटक 'जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्य' विषयमा गर्न लागेको यो संवाद हरेक दुई वर्षमा आयोजना गरिने छ । पर्वतीय मुलुक नेपालले जलवायु न्यायका सन्दर्भमा अन्तर्राष्ट्रिय जगत्मा सशक्त आवाज उठाउँदै आएको छ । यही परिप्रेक्षमा जलवायु न्यायको पैरवी गर्न संवादको घोषणा गरेको हो ।

यसअघि २०७६ सालमा प्रधानमन्त्री ओली नेतृत्वकै सरकारले अघि बढाएको सगरमाथा संवादको तयारी कोभिड-१९ कारण अन्तिम समयमा स्थगित गर्नुपरेको थियो । घोषणा कार्यक्रमपछि वनमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनले खासगरी पर्वतीय क्षेत्रमा बढी असर पारेकाले यसबारेमा विश्वको ध्यानाकर्षण गराउन पनि यो संवाद गर्नुपरेको बताए । संवादमार्फत पर्वतीय विषयलाई अझ मुखरित गरिने उनको भनाइ छ ।

'नेपालले उपलब्ध गराएका वातावरणीय सेवाबापतको भुक्तानी र कार्बन उत्सर्जन नगण्य गरेर पनि उच्च जोखिममा पर्नुपरेको समस्याका बारेमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउन, त्यसबाट नेपालले लिनुपर्ने क्षतिपूर्तिका सन्दर्भमासमेत संवादका क्रममा पैरवी गर्नेछौं,' उनले भने ।

जलवायु परिपर्तन विश्वव्यापीरूपमा देखापरेको गम्भीर चुनौती भएको उल्लेख गर्दै मन्त्री शाहीले यसको असर विशेष गरी नेपालजस्तो अल्पपिकसित र संवेदनशील भूवनोट भएको देशहरूमा बढी देखिन थालेको बताए । जलवायु परिवर्तनले नेपालमा पारेको असरका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएर त्यसबाट जलवायु वित्तमा पहुँच तथा क्षमता अभिवृद्धि गर्ने, प्रविधिको विकास र विस्तारमा युवाको सहभागिता अभिवृद्धि गर्ने, स्थानीय समुदायलाई अनुकूलनका लागि बढीभन्दा बढी स्रोत साधन जुटाउने लक्ष्य रहेको उनले बताए ।

नेपाल सरकारले यो कार्यक्रम उच्च प्राथमिकता दिएर अघि बढाएको छ । यसैगरी जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा गरेको असरका विषयमा पर्वतीय क्षेत्रका नागरिक र अन्तर्राष्ट्रिय समुदायको बुझाइमा एकरूपता ल्याउने संवादको उद्देश्य रहेको वनमन्त्री शाहीका प्रमुख जलवायुविज्ञ सल्लाहकार डा माधवबहादुर कार्कीले बताए । जलवायुले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्व समुदायलाई जानकारी गराउने र समाधानका लागि सामूहिक प्रयत्न गर्न पनि संवाद जरूरी रहेको उनको भनाइ थियो ।

संवादलाई नेपालले अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अंगको रूपमा विकास गर्ने गरी मंगलबार माघ ८ गते घोषणा गरिएको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले जानकारी दिए । संयुक्त राष्ट्रसंघले सन् २०२५ लाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षका रूपमा मनाउँदै छ ।

# स्नातकमा 'तामाङ अध्ययन' पढाइ, खुला विश्वविद्यालयले माग्यो आवेदन




**काठमाडौं (प्रस)–** नेपाल खुला विश्वविद्यालय (ओपन युनिभर्सिटी)ले पहिलोपटक 'तामाङ स्टडिज' मा आवेदन खुल्ला गरेको छ । चार वर्षे यो कार्यक्रमका लागि एक हजार रूपैयाँ आवेदन शुल्क तोकिएको छ ।

अनलाइनमार्फत पढाइ हुने यो तहमा प्लस टु सकाएका जोसुकैले भर्ना गर्न पाउने खुला विश्वविद्यालयले जनाएको छ । यद्यपि कम्प्युटरसम्बन्धी साधारण जानकारी भने हुनुपर्ने विश्वविद्यालयले उल्लेख गरेको छ ।

तामाङ इतिहास, संस्कृति, धर्म, भाषा, साहित्यदेखि लोकवार्तासम्म समेटिएर पाठ्यक्रम तयार पारिएकोले यो तहको शिक्षा निकै महत्त्वपूर्ण हुने भाषाविद् अमृत योञ्जनले बताए । 'अनलाइनमार्फत पठनपाठन हुने भएकोले देशविदेश एवं दूरदराजमा रहनुहुने सबैलाई सहज पठनपाठन हुने वातावरण हुने छ । १६०० पूर्णांकको यस विषयले तामाङविज्ञ बनाउन सघाउने छ,' भाषाविद् तामाङले भने ।

यस कार्यक्रमका लागि माघ ६ गतेदेखि फागुन ५ गतेसम्म आवेदन दिइसक्नुपर्ने र प्रवेश परीक्षा लिइने विश्वविद्यालयका कुलसचिव प्राडा गोविन्दसिंह विष्टले जानकारी दिए ।

तामाङ स्टडिजसँगै मगर स्टडिज, किरात स्टडिज, स्लामिक स्टजिड, लिम्बू स्टडिजलगायतमा स्नातक तहमा आवेदन खुलाएको विश्वविद्यालयले कम्तीमा २० जना विद्यार्थी प्रत्येक कार्यक्रमका लागि अनिवार्य तोकेको छ ।


## मुस्कान सुब्बा र सागर सुब्बाको १५ दिने सार्वजनिक सूचना

मोरङ जिल्ला स्थायी घर गई हाल का.म.न.पा.वडा नं ६ स्थित श्री लेमी शेर्पा र सानी शेर्पाको घरमा बस्ने मुस्कान सुब्बा र सागर सुब्बाले विगत ५ महिनादेखि भाडा नदिइ कोठामा ताल्चा लगाई वेपत्ता भई घर खाली गर्न अटेर गरेकोले आजको मितिले १५ दिन भित्रमा सम्पर्कमा आई घर भाडा रकम चुक्ता गरी घर कोठा खाली गर्नु होला अन्यथा कानून बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचना द्वारा सुचित गराइन्छ ।

**लेमी शेर्पा**
**सानी शेर्पा**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/०९**

मिति २०७९।०२।२५ मा दर्ता भएको **प्रा.लि.नं.** २९१९१६ को **क्यूटिस एण्ड क्यूटिस सप्लार्यस प्रा.लि.** को सम्पूर्ण चलअचल सम्पत्ति ऋण, धन, दायित्व नाम परिवर्तित **दुल्से कस्मेटीक्स एण्ड सप्लिमेन्टस् प्रा.लि.**ले नै व्यहोर्ने सकार्ने गरी मिति २०८१।१०।०६ को निर्णयानुसार नाम परिवर्तन गरिएको व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराइन्छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **One Stop H. R. Solutions Pvt. Ltd.** इजाजत नम्बर १५३०/०७७/७८ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name | Citizenship no. | Position |
|---|---|---|---|
| 1 | Bharat Acharya | 78231 | Marketing Director |
| 2 | Jhechun Dolma Lama | 262048/363 | Admin |
| 3 | Sharwan Kumar Majhi | 6/10967 | Marketing Director |
| 4 | Dharkhan Ray Yadav | 77330930 | Marketing Director |

श्रम ईजाजत नं. 1660/080/081
ONE STOP HR SOLUTIONS PVT. LTD.
Pinglashthan-09, Gaushala, Kathmandu, Nepal
Tel: +977-01-5915892, Email: onestophrsolution080@gmail.com,
Web: www.onestophrsolution.comnp

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०९**

यस कम्पनीको मिति २०८१/०८/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एक्सेस पाटनर्स नेपाल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **काइनेटिक एच.आर. सोलुशन प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **काइनेटिक एच.आर. सोलुशन प्रा.लि.** (प्रा.लि.नं.१६२४९५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## अरिहन्त पोलिप्याक लिमिटेड
सोनापुर, सुनसरीको

## वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

श्री अरिहन्त पोलिप्याक लिमिटेडको मिति २०८१/१०/०१ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनूसार यस कम्पनीको आर्थिक वर्ष २०८०।८१ को १७ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानूभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८१।१०।३० गते (तदनुसार १२ फेब्रुवरी २०२५)**
**समय : बिहान १०:३० बजे**
**स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर**

**२. छलफलका लागि प्रस्तुत हुने विषयहरु :**

क. संचालक समितिले तयार गरेको आ.व.२०८०।८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
ख. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
ग. चालु आर्थिक बर्ष २०८१।०८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
घ. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्वन्धमा ।
ङ. चन्दा उपहार खर्चको अनुमोदन सम्वन्धमा ।
च. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल माघ महिना ०९ गते बुधबार)

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३६,७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Prince International Employment Service Pvt. Ltd. श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Shouq Bandar Rabie Al-Salmi Trading Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | LT. No. 317429 | चलानी नं.६०२३१६६०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1500 | ५५,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RABIE BIN BADER BIN RABIE AL-ZUMAI AL SULAMI

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | LT. No. 317428 | चलानी नं.६०२३१६६१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1500 | ५५,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

SUPERB SOLUTIONS Pvt.Ltd. श्रम ईजाजत नं. २६४/०५८/०५९
P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243,
Mobile No. 9811837449/9804376076/974-6504113/+977 970-5077524/985-1324654/985-1404443

## युएइमा रोजगार
कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION L.

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | LT. No. 317390 | चलानी नं. ६०२३१६७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 1000 | ३७,५१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 25 | 0 | 1200 | ४५,०२० | | | | | | | |
| 3 | Shuttering carpenters | 25 | 0 | 1200 | ४५,०२० | | | | | | | |
| 4 | Steel Fixer(3 Yr Experience) | 25 | 0 | 1200 | ४५,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## कतारमा रोजगार
कम्पनी : SIGNATURE BY MARZA

पूर्व स्वीकृति मिति : २०८०/०२/०६ | LT. No. 317404 | चलानी नं. ६०२३१६३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 10 | 3 | 1500 | ५६,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

VARSHA MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार
कम्पनी : Al Ayuni Investment & Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317331 | चलानी नं. ६०२३१६६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 51 | 0 | 1800 | ६६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Madak Al-Hakma Beverage Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317406 | चलानी नं. ६०२३१७०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Server,food And Beverage Dept | 2 | 0 | 1200 | ६६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Jhod Al Taamir General Contracting Company is a one-person company

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317409 | चलानी नं. ६०२३१७०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५५,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Driver | 1 | 0 | 1500 | ५५,०८५ | | | | | | | |
| 3 | Load & Unload Worker | 3 | 0 | 1000 | ३६,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १६ गते (29th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.) श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# प्रभाव दैनिक

बुधबार, ०९ माघ २०८१ (Wednesday, January 22, 2025)


## पोखराबाट 'महाभोज'को छायांकन सुरु

फिल्म 'महाभोज'को छायांकन सुरू भएको छ । ४५ दिनको तालिकासहित मङ्गलबारदेखि पोखराको घाचोकबाट फिल्मको छायांकन सुरू भएको हो । फिल्मका लागि पहिलो शट अभिनेता खगेन्द्र लामिछाने र मोहन निरौलाले दिए । गतसाता काठमाडौँमा क्यामेरा तथा स्क्रिप्ट पूजा गरेर शुभ साइत गरेको फिल्मका निर्देशक दिनेश राउत हुन् । राउतको यो आठौँ फिल्म हो । फिल्मका निर्माता हिमाल कडरिया हुन् ।



# कल्चरल फिल्म फेस्टिभल माघ १८ बाट

■ प्रभाव संवाददाता




**काठमाडौं–** विश्वभरिका सांस्कृतिक चलचित्रको प्रवर्द्धनका लागि हरेक वर्ष नेपालमा आयोजना हुँदै आएको 'नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल'को छैटौं संस्करण माघ १७ देखि १९ गतेसम्म काठमाडौंमा हुने भएको छ। आयोजक नेपाल चलचित्र तथा संस्कृति केन्द्रले मंगलबार राजधानीमा एक कार्यक्रम गर्दै महोत्सवका विभिन्न पक्षहरूबारे जानकारी दिइयो ।

कार्यक्रममा महोत्सवमा यस पटक ६० देशका चार सय भन्दा बढी चलचित्रबाट ४७ देशका ९८ वटा चलचित्रहरू छानिएको आयोजकले जनाएको छ। 'हामीलाई प्राप्त करिब ४०० वटा चलचित्रलाई प्रारम्भिक चलचित्र चयन समूहले करिब डेढ महिना लगाएर हरेपछि ९८ वटा चलचित्रहरू चयन गरेको छ', संस्कृति केन्द्रका अध्यक्ष सन्तोष सुवेदीले भने,'महोत्सवमा लघु चलचित्रसँगै कथानक चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्रलगायत महिला, बालबालिका, मानव अधिकारका चलचित्रहरू पनि प्रतिस्पर्धामा समावेश गरिएका छन् ।'

दुई मिनेटदेखि साढे दुई घण्टासम्मको चलचित्र महोत्सवको लागि चयन भएको सुवेदीको भनाइ छ। महोत्सवको लागि अन्तर ाष्ट्रिय र राष्ट्रिय जुरी चयन गरिएको छ । जसमा भारतबाट चलचित्र निर्देशक निपोन धौला, जर्मनी चलचित्रकर्मी फाविन माथ्यिस र चलचित्रकर्मी इभिन बिराजी, बेलायतबाट चलचित्र लेखक तथा निर्देशक लुईसा प्रिटोलानी, क्यानडाबाट चलचित्र निर्देशक जुडी ग्लाड्स्टोन, इरानबाट अभिनेत्री, लेखक तथा निर्देशक तिमा टाघिजादेह, बहराइनबाट चलचित्र निर्माता निर्देशक एवम् लेखक इभा दाउद र रुसबाट चलचित्रकर्मी इरिना बेराजी रहेका छन् ।

नेपालबाट निर्णायकको रूपमा सङ्गीतकार तथा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष शम्भुजीत बास्कोटा, अभिनेत्री मिथिला शर्मा, चलचित्र निर्देशक दीपेन्द्र के. खनाल, अभिनेता प्रदीप खड्का र टेलिभिजनकर्मी टिकाराम यात्री, अभिनेत्री सुरक्षा पन्त, चलचित्र निर्माता एवं निर्देशक रौनक विक्रम कँडेल र निर्देशक दिनेश लिङ्देन छन् ।

महोत्सवमा दक्षिण एसियाली मुलुकहरू भारत, बङ्गलादेश, पाकिस्तानसहित पूर्वी एसियाको चीन, जापान, थाइल्यान्ड, कोरिया, युएई, कतार, हङकङ, फिलिपिन्स, इन्डोनेसिया, भियतनाम, जस्ता देशका चलचित्रहरू चयन भएका छन् ।

यस्तै संयुक्त राज्य अमेरिका, क्यानडा, अस्ट्रेलिया, अर्जेन्टिना, बेलायत, फ्रान्स, इटाली, आयरल्यान्ड, जर्मनी, रसिया, ट्युनेशिया, पोर्चुगल, पोल्यान्ड, हङ्गेरी, ग्रिस, फिनल्यान्ड, डेनमार्क, बुल्गेरिया, चेक रिपब्लिक, अस्ट्रियासहित विभिन्न युरोपियन मुलुकका चलचित्र यो महोत्सवमा चयन भएका छन् यस्तै मोरक्को, इजिप्ट, जमैका, क्यामरुन, सर्भिया, दक्षिण अफ्रिकासहित विभिन्न अफ्रिकन देशका चलचित्र छानिएका छन् ।

महोत्सवमा चलचित्र प्रदर्शनसँगै चलचित्रको विषयमा अन्तरक्रिया, मास्टर क्लास, कार्यशालाका साथै कला प्रदर्शनीसमेत रहेको छ। चलचित्रको उदघाटन समारोह काठमाडौंको दरबारमार्गस्थित क्युएफएक्स सिनेमा राईजिङ मल चलचित्र घरमा आयोजना गरिनेछ । उदघाटनपछि सोही चलचित्र घरमा दुई दिनसम्म नियमित रूपमा चलचित्र प्रदर्शनीका साथै चलचित्रका विविध विषयमा छलफल एवं अन्तरक्रिया गरिनेछ। त्यसपछि चलचित्र विकास बोर्डमा तीन दिनसम्म चलचित्र प्रदर्शनी, मास्टर क्लास र कला प्रदर्शनी आयोजनासहित बोर्डमै महोत्सवको समापन समारोह गरिनेछ ।

महोत्सवमा चयन भएका चलचित्रहरूले उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, छायाकारलगायत उत्कृष्ट लघु चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्र, महिला चलचित्र, बालबालिका चलचित्र, मानव अधिकारका चलचित्र जस्ता विभिन्न विधामा प्रतिस्पर्धा गर्नेछन्। यी विभिन्न विधामा सर्वोत्कृष्ट भएका चलचित्र तथा कलाकार प्राविधिकलाई महोत्सवको समापन समारोहमा अवार्ड प्रदान गरिनेछ । विभिन्न फरक फरक विधाका उत्कृष्ट १५ वटा राष्ट्रिय तथा १५ वटा अन्तर्राष्ट्रिय गरी ३० चलचित्रहरूलाई पुरस्कृत गरिनेछ । कार्यक्रममा चलचित्र क्षेत्रमा योगदान दिएका विभिन्न व्यक्तित्वहरूलाई पनि सम्मान गरिने आयोजकले जनाएको छ ।

# 'ममी'को डरलाग्दो ट्रेलर रिलिज

**काठमाडौं (प्रस)–** आगामी माघ २५ गतेबाट प्रदर्शनमा आउने हरर फ्यामिली ड्रामा सिनेमा 'ममी'को ट्रेलर रिलिज गरिएको छ। सिनेमाका मुख्य कलाकार प्रियंका कार्की सुलक्षण भारतीको संवादसँगै निम्तने विभिन्न घट्ना, भूतिया आकृतिहरूसँगको भेट र अलौकिक पात्रहरूलाई डरलाग्दो तरिकाले १ मिनेट ५७ सेकेण्ड लामो ट्रेलरमा समेटिएको छ ।

सिनेमाको मंलगबार सार्वजनिक ट्रेलरले सिनेमाको कथावस्तुको बारेमा प्रकाश पार्छ। कालो विरालोलाई विशेष स्थान दिइएको सिनेमाको यो ट्रेलरले दर्शकमाझ कौतुहल्ता पैदा गर्ने देखिन्छ। सिनेमामा प्रियंका र सुलक्षणसँगै दीया मास्के, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गुराँस ढकाल, गीत विष्टलगायतका कलाकारहरूको अभिनय रहेको छ।

सो ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको सिनेमामा समर निरौला र पूर्णिमा जोशीको लेखन तथा समर निरौलाको निर्देशन रहेको छ । समर डेब्यू निर्देशक हुन् । सिनेमाको निर्माता लोक राज जोशी तथा पूर्णिमा जोशी हुन भने कार्यकारी निर्मातामा सुमन कोइराला रहेका छन् ।

सिनेमाको छायांकन निशाल पौडेल र शरद महतोले संयूक्त रूपमा गरेका हुन् भने सम्पादन सुरेन महर्जनको रहेको छ । यसैगरी पार्श्व ध्वनीमा रोहित शाक्य, साउन्ड डिजाईनमा श्रवल आरपि, सम्पादनमा सुरेन्द्र महर्जन, एनवी महर्जनको द्वन्द्व निर्देशन, रंग संमयोजनमा दिपेश चौधरी तथा संगीतकारमा एसडी योगी रहेका छन्। सिनेमालाई काठमाडौं उपत्यकामा काफिया फिल्मस् र मोफसलमा कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।


**Madhesh Province Government**
**Ministry of Health and Population**
## Province Health Logistic Management Center
**Janakpurdham, Dhanusha**
## Bid Addendum Notice
**Bid Addendum Publication Date: 22 January 2025**

Bid Addendum is uploaded for following Bid published on corresponding date. For more details visit PPMO eGP system www.bolpatra.gov.np/egp

| IFB No. | IFB Name | Publication Date | Last Date of Bid Submission |
|---|---|---|---|
| MP/PHLMC/ NCB/GOODS -12/2081-082 | The Procurement and Delivery of Semi-automated Fluorometer (Prenatal and New Born Baby Screening System) | 29 December 2024 | 28 January 2025 |

**(Director)**


रंगशाला

# सन्दीप लामिछाने कारबाहीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले खेलाडी सन्दीप लामिछानेलाई कारबाही गरेको छ । आचारसंहिता उल्लंघनको आरोपमा क्यानले लामिछानेलाई कारबाही गरेको हो। क्यानले उनलाई एक खेल खेल्न प्रतिबन्ध लगाएको छ। सन्दीपले जय ट्रफी एलिट कपमा अम्पायरको निर्णयमा असन्तुष्टि जनाउँदै सामाजिक सञ्जालमा पोस्ट गरेका थिए ।

बागमती प्रदेशको कप्तानी गरिरहेका सन्दीपले अम्पायरहरूले गलत निर्णय गरेको आरोप लगाउँदै सार्वजनिक रूपमा आफ्नो असन्तुष्टि पोखेका थिए। अम्पायरको निर्णयको आलोचना गर्नु क्यानको आचारसंहिताको उल्लंघन मानिन्छ ।

क्यानका प्रवक्ता छुम्बी लामाका अनुसार म्याच रेफ्री र प्राविधिक समितिको सिफारिसमा सन्दीपलाई तीन डिमेरिट अंक दिइएको हो । यस निर्णयअनुसार अब सन्दीपले क्यानको आयोजनामा हुने जुनसुकै प्रतियोगिताको एक खेल खेल्न पाउने छैनन्। सन्दीपले सामाजिक सञ्जालमा समर्थन गर्ने प्रशंसकहरूप्रति आभार व्यक्त गरेका छन् । यद्यपि, यो प्रकरणपछि कतिपयले उनले सन्यास लिने अड्कलसमेत गरेका थिए ।

पछिल्लो समय उनले व्यक्तिगत कारणले मोबाइल नम्बर परिवर्तन गरेको र केही दिन ह्वाट्सएप खुला रहने जानकारी समेत दिएका छन् । लामिछाने हाल नेपालका सबैभन्दा चर्चित क्रिकेटर हुन् । अन्तर्राष्ट्रिय फ्रेञ्चाइज लिगमा उनको उपस्थिति र प्रदर्शनले उनलाई ग्लोबल स्टार बनाएको छ ।तर, पछिल्लो समय विवाद र प्रदर्शनमा गिरावटका कारण उनले चुनौती सामना गरिरहेका छन् ।


## Marin Rural Municipality
**Office of the Rural Municipal Executive**
**Kapilakot, Sindhuli**
## Invitation for Bids
**First Date of Publication: 2081/10/09(2025/01/22)**

1. Office of the Rural Municipal Executive, Marin Rural Municipality invites sealed quotations from Nepalese eligible bidders for the following procurement works .
2. The eligible Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.

| Contract Identification No. | Description of work | Estimate Amount Including VAT (NRs.) | Bid security Amount (NRs.) | Bid Document fee (NRs.) | Last Date of Purchase | Last Date of Bid submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| SQ/Goods/03/ 2081-082(Re) | Procurement of Digital X-Ray for kapilakot phc | 28,79,955 | 75,000/- | 1000 | 2025-02-06 | 2025-02-06 12.00hrs | 2025-02-06 14.00hrs |

*Chief Administrative Officer*


# सूर्य नेपाल वेस्टर्न ओपन आजदेखि पोखरामा




■ प्रभाव संवाददाता

**पोखरा–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको चौथो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन आज (बुधबार)देखि सुरू हुँदैछ । २५औं संस्करणको यो प्रतियोगिता पोखराको हिमालयन गल्फ कोर्समा हुनेछ । ५४ होलको तीन दिने प्रतियोगितामा ३४ प्रोफेसनल र १८ एमेच्योर गल्फरहरूले दाबेदारी प्रस्तुत गर्नेछन । माछापुच्छे हिमालको मनमोहक दृश्य र विजयपुर नदीको किनारमा अवस्थित प्राकृतिक रूपमा आकर्षक हिमालयन गल्फ कोर्सलाई कठिन कोर्स मानिन्छ । त्यसैले प्रतिस्पर्धी गल्फरसँगै गल्फ कोर्सको चुनौती पनि खेलाडीहरूलाई रहनेछ । यो कोर्सलाई गल्फ डाइजेस्टले संसारकै रोमाञ्चक गल्फ कोर्सहरूमध्ये एक भनेर मूल्यांकन समेत गरेको थियो ।

यो संस्करणमा पुरस्कार राशी वृद्धि गरेर ८ लाख ८२ हजार बनाइएको छ। विजेताले १ लाख ५० हजार तथा दोस्रो र तेस्रो हुनेले क्रमश १ लाख र ७२ हजार प्राप्त गर्नेछन्। शीर्ष २१ मा पर्ने गल्फरहरूले पनि नगद हात पार्नेछन । डिफेन्डिङ च्याम्पियन भुवन नगरकोटीसँगै, निरज तामाङ, धन थापा, सञ्जय लामा र जयराम श्रेष्ठलाई प्रमुख दाबेदारको रूपमा हेरिएको छ । गत संस्करण रेकर्ड स्कोरमा उपाधि जितेका भुवनले यो सिजन कुनै पनि उपाधि जित्न सकेका छैनन। उनलाई यो सिजन पहिलो उपाधि जित्ने चुनौती समेत रहनेछ।

नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य र सूर्य नेपाल सेन्ट्रल ओपनका विजेता राहुल विकेले भने यस पटक सहभागीता नजनाउने भएका छन । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनद्वारा आयोजित र सूर्य नेपाल प्रा.लि. द्वारा प्रायोजित प्रतियोगितामा ३६ होलको समाप्तीमा कट लागु हुनेछ। शनिबार प्रो-एम प्रतियोगिता हुनेछ।


**Government of Bagamati Province**
**Ministry of Health**
## Health Logistics Management Center
**Hetauda, Nepal**
## Invitation for Bids
**Date of publication: 2081/10/09 BS (2025/01/22 AD)**

The Health logistics Management Center, Hetauda invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Logistics Management Center, Hetauda, Phone No: 977-057520547, email address: info.hlmc@bagamati.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Identification IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF MEDICINES FOR NCD AND MENTAL HEALTH SERVICES HLMC/G/NCB-18/2081-82 | As per BOQ | 1,25,000.00 | 3,000.00 | 2082/03/08 BS (2025/06/21 AD) |

**Director**

# कार्यकारी आदेशको वर्षासँगै अमेरिकाको बागडोर सम्हाल्दै ट्रम्प

**वासिङ्टन–** आप्रवासनदेखि वातावरण र सांस्कृतिक युद्धसम्म सबै विषयमा आफ्नो शपथग्रहणको केही घण्टापछि हस्ताक्षर गरिएको कार्यकारी आदेशको लहरमा सवार भएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार आफ्नो कार्यकालको पहिलो पूर्ण दिन सुरु गरेका छन् । आफ्नो शपथग्रहण समारोहको धुमधाम र कार्यकारी आदेशहरूको आश्चर्यजनक शृंखला प्रस्तुत गरेका छन् । ७८ वर्षीय ट्रम्पले अन्तिमपटक जनवरीको सुरुमा दिवंगत राष्ट्रपति जिमी कार्टरको अन्त्येष्टिमा अमेरिकी राजधानीको नियो-गोथिक चर्चको भ्रमण गरेका थिए ।

पेरिस जलवायु सम्झौता र विश्व स्वास्थ्य संगठनबाट फिर्ता हुने प्रक्रिया सुरु गर्नेसहित सोमबार गरेका कार्यहरूको वर्षा देश र विश्वले पचाइरहेको बेला ट्रम्पबाट थप कार्यकारी आदेशहरू आउने वा नआउने अस्पष्ट थियो । एक एरिनामा गर्जिरहेका समर्थकहरूको सामु र त्यसपछि ओभल कार्यालयमा हस्ताक्षर गरिएको नीतिगत परिवर्तनहरूको लामो सूचीले आठ वर्षअघिको तुलनामा ट्रम्पको बढेको तयारी स्पष्ट प्रतीक प्रस्तुत गऱ्यो । आठ वर्षअघि उनी शून्य शासन अनुभवका साथ ह्वाइट हाउस प्रवेश गरेका थिए ।

चिसो मौसमका कारण भित्र आयोजित समारोहमा क्यापिटलमा शपथ लिएपछिको भाषणमा रिपब्लिकन राष्ट्रपति ट्रम्पले डेमोक्रेट जो बाइडेनको चार वर्षे राष्ट्रपति कार्यकालपछि 'अमेरिकाको पतन समाप्त भएको' बताए । उनले प्रतिज्ञा गर्दै भने, 'अमेरिकाको स्वर्णिम युग अहिलेबाट सुरु हुन्छ ।'

८२ वर्षीय बाइडेनले शपथग्रहण समारोहमा आफ्नो एकल कार्यकालको अन्त्येष्टि पाठ पढिरहेका आफ्नो राजनीतिक शत्रुलाई कठोर मुद्रामा हेरे । तर धुमधाम समारोहपछि कहिलेकाहीँ बलियो नेता शैलीको वाक्यांशका साथ दिनको पछिल्लो समयमा देखिएका थिए पहिलो कार्यकालका शोम्यान ट्रम्प । 'के तपाईं बाइडेनले यस्तो गरेको कल्पना गर्न सक्नुहुन्छ ? मलाई लाग्दैन,' ट्रम्पले वासिङ्टनको एक खेलकुद एरिनामा हर्षित भीडलाई पहिलो चरणका आदेशहरूमा हस्ताक्षर गर्न प्रयोग गरेका कलमहरू फ्याँक्दै भने ।

### जनवरी ६ का माफीहरू

ओभल कार्यालयमा फर्केर उनले थप आदेशहरूमा हस्ताक्षर गर्दै एक अनौपचारिक ५० मिनेटको पत्रकार सम्मेलन गरे । कार्यकारी आदेशमा करिब एक हजार ५०० क्यापिटल दंगाकारीहरूलाई माफी दिने एक आदेश समावेश थियो । उनीहरूलाई सन् २०२१ जनवरी ६ मा बाइडेनको चुनावी विजय प्रमाणीकरण रोक्न खोज्ने हजारौं ट्रम्प समर्थकहरूद्वारा कांग्रेसमाथि गरिएको आक्रमणमा भाग लिएको आरोपमा मुद्दा चलाइएको थियो । 'उनीहरू आज राति खुलेर बाहिर आउने छन् भन्ने हामीलाई आशा छ,' ट्रम्पले भने, 'उनीहरूले यसको अपेक्षा गरिरहेका छन् ।'

उनले मेक्सिको सीमामा राष्ट्रिय आपत्काल घोषणा गर्ने आदेशमा हस्ताक्षर गरे र कमला ह्यारिसमाथिको आफ्नो चुनावी विजय हासिल गराउने प्रमुख चुनावी मुद्दा गैरकानुनी आप्रवासनको सामना गर्न अमेरिकी सेना तैनाथ गर्ने बताए । राष्ट्रपतिमा पुनरागमन गरेका उनले प्रायः राष्ट्रवादी स्वरमा व्यापार शुल्क लगाउने, मेक्सिकोको खाडीको नाम 'अमेरिकाको खाडी' राख्ने र सन् १९९९ देखि मध्य अमेरिकी देशको नियन्त्रणमा रहेको पनामा नहरलाई 'फिर्ता' प्रतिज्ञा गरे ।

उनले पद सम्हाल्नुअघि युक्रेनमा शान्ति सम्झौता गर्ने आफ्ना पूर्वप्रतिज्ञाहरूलाई कम महत्त्व दिए । उनले भ्लादिमिर पुटिनलाई भेट्ने पुष्टि गरे र पुटिनले युद्ध अन्त्य गर्न सम्झौता नगरी 'रुसलाई नष्ट' गरिरहेको बताए । अमेरिकी सेवा सदस्यहरूसँग 'कमान्डर-इन-चिफ' कार्यक्रमबाट सुरु गर्दै ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्पले पछि धेरै उद्घाटन नृत्यहरूमा भाग लिइन् ।

'राजनीतिक एजेन्डाको बारेमा चिन्ता गर्नुको सट्टा तपाईंले यसको बारेमा चिन्ता गर्नुपर्दैन,' ट्रम्पले संक्षिप्त भाषणमा भीडलाई भने, 'यो केवल अमेरिकाका शत्रुहरूलाई पराजित गर्ने एउटा ध्यान हो । हामी पराजित हुने छैनौं । हामी अपमानित हुने छैनौं । हामी केवल जित्ने छौं, जित्ने छौं, जित्ने छौं !'

पहिलोपटक राष्ट्रपति पदको दौडमा पोर्न स्टारलाई पैसा दिएको अभियोगमा दोषी ठहरिएपछि ट्रम्पले पदभार ग्रहण गर्ने सबैभन्दा पुरानो राष्ट्रपति र पहिलो अपराधि दुवैका रूपमा इतिहास रचेका छन् । उनी सन् १८९३ मा ग्रोभर क्लिभल्यान्डपछि सत्तामा फर्कने अमेरिकी इतिहासमा दोस्रो राष्ट्रपति पनि हुन् । *रासस/एएफपी*

## ट्रम्पको शपथग्रहणमा राष्ट्रहरूको प्रतिक्रिया

**पेरिस–** विश्वभरका नेताहरूले सोमबार बधाई दिँदै र अस्थिर नेतासँग राम्रो सम्बन्धको आग्रह गर्दै डोनाल्ड ट्रम्पको ह्वाइट हाउस पुनरागमनमा प्रतिक्रिया दिएका छन् । यहाँ ट्रम्पले दोस्रो कार्यकालका लागि शपथ लिएपछिका केही प्रतिक्रिया छन्:

### न्यायपूर्ण शान्ति : युक्रेन

'राष्ट्रपति ट्रम्प सधैं निर्णायक हुनुहुन्छ र उहाँले घोषणा गर्नुभएको शक्तिमार्फत शान्तिको नीतिले अमेरिकी नेतृत्व सुदृढ गर्ने र दीर्घकालीन तथा न्यायपूर्ण शान्ति हासिल गर्ने अवसर प्रदान गर्छ, जुन सर्वोच्च प्राथमिकता हो,' युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले भने ।

### दीर्घकालीन शान्ति : रुस

ट्रम्पलाई बधाई दिँदै र युक्रेन युद्धबारे नयाँ अमेरिकी प्रशासनसँग संवादका लागि आफू खुला रहेको भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने, 'म यो कुरामा जोड दिन चाहन्छु कि यसको लक्ष्य छोटो युद्धविराम हुनुहुँदैन... तर सबै मानिसहरूको वैध हितको सम्मानमा आधारित स्थायी शान्ति हुनुपर्छ ।'

### रक्षा खर्च 'टर्बो-चार्ज' : नाटो

नाटो प्रमुख मार्क रुटेले ट्रम्पको पुनरागमनले गठबन्धनमा 'रक्षा खर्च र उत्पादनलाई टर्बो-चार्ज गर्ने' बताए ।

### 'सर्वोत्तम दिनहरू' आउन बाँकी : इजरायल

'म विश्वास गर्छु कि फेरि सँगै काम गर्दा हामी अमेरिका-इजरायल गठबन्धनलाई अझ उच्च शिखरमा पुऱ्याउने छौं,' इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले भने, 'हाम्रो गठबन्धनका सर्वोत्तम दिनहरू अझै आउन बाँकी छन् ।'

### 'दुई-राज्य समाधान' : प्यालेस्टिनी

'तपाईंको कार्यकालमा दुई-राज्य समाधानमा आधारित शान्ति हासिल गर्न तपाईंसँग काम गर्न हामी तयार छौं,' प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले भने, 'यसको अर्थ हाम्रो क्षेत्र र विश्वमा सुरक्षा र स्थिरता सुनिश्चित गर्दै प्यालेस्टिन राज्य र इजरायल राज्य सुरक्षा र शान्तिका साथमा बस्छन् ।'

### मध्यपूर्वमा शान्ति : सिरिया

'उहाँ मध्यपूर्वमा शान्ति ल्याउने र क्षेत्रमा स्थिरता पुनःस्थापना गर्ने नेता हुनुहुन्छ भन्नेमा हामी विश्वस्त छौं,' सिरियाका नयाँ नेता अहमद अल-साराले भने ।

### अमेरिका, इटाली : 'विश्वव्यापी चुनौतीहरू' को सामना

'म निश्चित छु कि विश्वव्यापी चुनौतीहरूको सामना गर्दै र हाम्रा जनताका लागि समृद्धि र सुरक्षाको भविष्य निर्माण गर्दै हाम्रा राष्ट्रहरूबीचको मित्रता र हामीलाई एकजुट गर्ने मूल्यहरूले इटाली र अमेरिकाबीचको सहकार्यलाई निरन्तर बलियो बनाउने छ,' इटालीका प्रधानमन्त्री जोर्जिया मेलोनीले भने । उनले 'संयुक्त राज्य अमेरिका र युरोपबीचको संवाद सुदृढ गर्ने' इटालीको भूमिकाको पनि उल्लेख गरे ।

### सम्मान : मेक्सिको

'छिमेकी र व्यापारिक साझेदारका रूपमा संवाद, सम्मान र सहयोग सधैं हाम्रो सम्बन्धको प्रतीक हुनेछ,' मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबमले भने ।

### नहर पनामाकै रहने : राष्ट्रपति

अमेरिकाले पनामा नहरलाई 'फिर्ता लिने' ट्रम्पको प्रतिज्ञामाथि पनामाले कडा प्रतिक्रिया दिँदै प्रमुख अन्तरमहासागरीय जलमार्ग आफ्नो नियन्त्रणमा रहने बताएको छ । 'यो नहर पनामाको हो र रहनेछ,' राष्ट्रपति जोस राउल मुलिनोले भने ।

### नजिकबाट काम : इयू

'युरोपेली संघ (इयू) विश्वव्यापी चुनौतीहरूको सामना गर्न तपाईंसँग नजिकबाट काम गर्न तत्पर छ,' युरोपेली संघका प्रमुख उर्सुला भोन डेर लेयनले भनिन्, 'सँगै, हाम्रा समाजहरूले अधिक समृद्धि हासिल गर्न सक्छन् र उनीहरूको साझा सुरक्षालाई बलियो बनाउन सक्छन् ।'

### प्रिय मित्र : भारत

'हाम्रा दुवै देशको लाभका लागि र विश्वको राम्रो भविष्य बनाउन म फेरि एकपटक नजिकबाट काम गर्न तत्पर छु,' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना 'प्रिय मित्र' ट्रम्पलाई बधाई दिँदै भने ।

### ढोका खुला छ : संयुक्त राष्ट्र जलवायु प्रमुख

'पेरिस सम्झौताका लागि ढोका खुला छ र हामी कुनै पनि र सबै देशबाट रचनात्मक संलग्नतालाई स्वागत गर्छौं,' संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टिलले भने । ट्रम्पले पद सम्हालेपछि छोटो समयमै सम्झौताबाट अमेरिकालाई बाहिर निकाल्ने आदेशमा हस्ताक्षर गरेका थिए ।

### साझा लक्ष्य : जापान

'म तपाईंसँग दीर्घकालीन जापान-अमेरिका साझेदारी सुदृढ गर्न र स्वतन्त्र तथा खुला इन्डो-प्यासिफिकको हाम्रो साझा लक्ष्यको संयुक्त रूपमा खोजी गर्न सहकार्य गर्न तत्पर छु,' जापानी प्रधानमन्त्री शिगेरु इशिबाले भने ।

### ऐतिहासिक साझेदार : ब्राजिल

'म आशा गर्छु कि (ट्रम्प) को सफल प्रशासन होस् र अमेरिकीहरू ब्राजिलको ऐतिहासिक साझेदार बनिरहून्,' देशका वामपन्थी राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले भने । *रासस/एएफपी*


**गुड कर्म हस्पिटालिटीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा राय सुझावको लागि सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०९**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका महाराजगञ्जमा गुड कर्म हस्पिटालिटी प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **गुड कर्म हस्पिटालिटी प्रा.लि** काठमाडौं म.न.पा.वडा नं.४, महाराजगञ्ज, काठमाडौं, बागमती प्रदेश |
| प्रस्तावको व्यहोरा | **प्रस्तावः** गुड कर्म हस्पिटालिटी **मुख्य विशेषताः** |

| | |
|---|---|
| प्रस्तावित आयोजना रहने जग्गाको कुल क्षेत्रफल | ५६४३.५१ वर्ग मि. |
| भवनले ओगट्ने क्षेत्रफल (P.A.) | कुलः १४०० वर्ग मि. |
| कित्ता नं. | २६८ |
| आयोजनाको उद्देश्य | होटलको निर्माण तथा सञ्चालन |
| जम्मा कोठा तथा बेड क्षमता | ५६ कोठामा ९८ बेड |

| | |
|---|---|
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.४, महाराजगञ्ज, |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने शिलशिलामा, बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ दफा ६ को उपदफा २(१) को प्रावधान अनुसार राय सुझाव संकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (होटल स्थापना तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक-आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानीय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने ठेगाना :**

| **प्रस्तावकः** | **परामर्शदाताः** |
|---|---|
| गुड कर्म हस्पिटालिटी प्रा.लि.<br>काठमाडौं म.न.पा. वडा नं.४,<br>महाराजगञ्ज, काठमाडौं जिल्ला बागमती प्रदेश<br>फोन नंः ९८०११२९०४१<br>इमेलः finance.goodkarma@gmail.com | जुनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,<br>इमेलः info.jerc@gmail.com<br>फोन नंः ०१- ५९१४३५४ |



**Province Government**
**Ministry Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**

**Sankhuwasabha, Koshi Province**

**Invitation for e-Bids**

First Date of Publication: **2081/10/09 (January 22, 2024)**

Invitation for Bids No.: **IDOSANK-04/2081/82**

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage – Single Envelope e-bids) from eligible bidders for following works under NCB Procedures. For Detail of works please visit www.boalpatra.gov.np/egp.

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimate Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity / Security Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOSANK/Works/NCB-08/2081/82 (Re Bid) | Upgrading of Chhidiwar-Yangkhuwa Road, Aathrai-7, Tehrathum | 23,99,451.14 | 60,000 | 90 + 30 days from deadline of submission of Bids. | 3000 |
| 2 | IDOSANK/Works/NCB-09/2081/82 (Re Bid) | Upgrading of Chuhandanda-Kohaltar-Dhalkebar-Thoklung Road, Aathrai 6 & 7, Tehrathum | 24,00,133.10 | 60,500 | | 3000 |
| 3 | IDOSANK/Works/NCB-10/2081/82 (Re Bid) | Upgrading of Aathrai-Mansari-Thoklung-Phedap-Bhimmarg Road, Aathrai, Tehrathum | 24,00,588.74 | 61,000 | | 3000 |
| 4 | IDOSANK/Fabrication/ Goods-01/2081/82 | Fabrication of steel parts and transportation works of various suspension bridges. | 26,42,487.10 | 67,000 | | 3000 |

| Last Date of Purchasing of Bids | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| On or Before 5 February February 2025 (2081/10/23) from S.N. 1 to 3 & for 21 February 2025(2081/11/09) for S.N. 4 from online or bank deposit | On or Before 5 February February 2025 (2081/10/23) from S.N. 1 to 3 & for 21 February 2025(2081/11/09) for S.N. 4 before 12 Noon | On or Before 5 February February 2025 (2081/10/23) from S.N. 1 to 3 & for 21 February 2025(2081/11/09) for S.N. 4 at 13:00 hours | Office code: **3370104011** Bank: **Rastriya Banijya Bank** Revenue Account: **1000200010000** Revenue head no:**14229** | Office code: **3370104011** Bank: **Rastriya Banijya Bank, Khandbari Branch** Account No: **2080100202030000** (Kolenika, Sankhuwasabha) |

2. Date of Pre-bid meeting: NA
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, PPR & PPPR.

**Office Chief**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reach-mond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५८१०० | प्रति तोला – ० | प्रति तोला – १८७५ |

## प्रतिफल दिने ठाउँमा मात्रै लगानी गर्न अर्थमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले परिवर्तित सन्दर्भमा रणनीतिक योजना बनाएर उचित प्रतिफल आउने गरी काम गर्न सरकारी बैंक तथा वित्तीय र गैर वित्तीय संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन दिएका छन् ।

अर्थ मन्त्रालयमा आयोजित बैठकमा अर्थमन्त्री पौडेलले सरकारी बैंक तथा वित्तीय र गैर वित्तीय संस्थाहरूलाई आवश्यक पर्ने नीति तथा कानून बनाउन मन्त्रालयले आवश्यक सहजीकरण गर्ने भन्दै त्यसका लागि अग्रसरता लिन निर्देशन दिएका हुन् । सामान्य अवस्थाको प्रगतिले नपुग्ने भन्दै अहिले देखा परेका समस्याहरूलाई समाधान गर्न सार्थक पहल लिनुपर्ने उनको जोड रहेको छ ।

अर्थमन्त्री पौडेलले समस्यालाई आ-आफ्नो जिम्मेवारी र सीमामा रहेर काम गर्न संस्थाको विश्वसनियतालाई बढाउने गरी काम गर्न निर्देशनसमेत दिएका छन । साथै खराब कर्जाको आकार घटाउँदै प्रतिफल दिने ठाउँमा लगानी गर्नुपर्नेमा अर्थमन्त्रीको जोड छ ।

सरकारी बैंक तथा वित्तीय र गैर वित्तीय संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारीहरूले केही ठाउँमा कर्जा असुलीमा समस्या रहेको भन्दै पूँजीको वृद्धि र लागनी विस्तारका लागि केन्द्रित हुने बताएका थिए ।

बैठकमा अर्थ सचिव, राजस्व सचिव, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, कर्मचारी सञ्चय कोष, ग्रामीण विकास लघु वित्त वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका अध्यक्ष तथा प्रमुखहरूको सहभागिता रहेको थियो ।

## जलविद्युत् क्षेत्रमा लगानी गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं –** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत्जका क्षेत्रमा लगानी गर्न दातृ निकायलाई आग्रह गरेका छन् ।

नेपालमा सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ गत पुस १६ गते बसेको मन्त्रिपरिषद् बैठकले 'ऊर्जा विकास मार्गचित्र-२०८१' स्वीकृत गरेसँगै लगानी जुटाउनका लागि ऊर्जामन्त्री खड्काले दातृ निकायका प्रमुख एवं प्रतिनिधिसँग आज छलफल गरेका हुन् । मन्त्री खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि यसअघि दातृ निकायबाट भएको सहयोगप्रति धन्यवाद दिँदै आगामी दिनमा यसलाई निरन्तरता दिन आग्रह गरे । ऊर्जा विकास मार्गचित्रले नेपाललाई क्षेत्रीय ऊर्जा केन्द्रका रूपमा रूपान्तरण गर्न, राष्ट्रिय र सीमापार पूर्वाधारलाई बलियो बनाउँदै आर्थिक समृद्धिलाई अगाडि बढाउन सहयोग पुग्ने उनको भनाइ थियो ।

उक्त मार्गचित्र ऊर्जा सुरक्षा, दिगोपन र समावेशी आर्थिक वृद्धिको 'रोडम्याप' भएको मन्त्री खड्काले बताए । उनले मार्गचित्रले उत्पादनसँगै अन्तरदेशीय प्रसारण लाइनको विकासमा विशेष ध्यान दिएको उल्लेख गरे । जलस्रोतको पर्याप्त सम्भावना भएको नेपालले ऊर्जा क्षेत्रमा लगानीका लागि अतुलनीय अवसरहरू प्रदान गर्ने उनले बताए ।

विश्व बैंकको सहयोगमा निर्माण हुन लागेको माथिल्लो अरुण जलाशययुक्त आयोजना, एसियाली विकास बैंकको सहयोगमा निर्माण हुन लागेको दूधकोशी जलाशयुक्त आयोजना समयमै निर्माण हुने मन्त्री खड्काले विश्वास व्यक्त गरे । उनले उक्त मार्गचित्र नेपालको जलविद्युत् क्षेत्रको विशाल क्षेत्र र सम्भावनालाई उजागर गर्ने मार्गदर्शक दस्तावेजका रूपमा प्रमाणित हुने विश्वास व्यक्त गरे । मुलुकको आर्थिक विकासका लागि निर्माण भएको उक्त मार्गचित्रलाई



कार्यान्वयनका लागि विकास साझेदार, अन्तर र्षिट्रय कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संस्था र समुदायलाई मन्त्री खड्काले आग्रह गरे ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले सरकारले राखेको ऊर्जा विकासको मार्गचित्रको लक्ष्यलाई पूरा गर्न दातृ निकायको ठूलो साथ र सहयोग आवश्यक रहेको बताए । उनले ऊर्जा उत्पादन, प्रसारण र वितरणमा चुनौती रहेको उल्लेख गर्दै उक्त चुनौतीलाई समाधान गर्न सबै एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा राखे ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले ऊर्जा विकास मार्गचित्र नेपालको ऊर्जा क्षेत्रको विकासमा महत्वपूर्ण दस्तावेज भएको भन्दै यसलाई कार्यान्वयन गर्न विकास साझेदार संस्थाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारीले उर्जा विकास मार्गचित्रले राखेको लक्ष्य पूरा गर्न ४६.५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने बताए । उनले हाल ११ हजार एक सय ६१ मेगावाट विद्युत् खरिद सम्झौता (पिपिए) भइसकेको र १२ हजार नौ सय ६८ मेगावाट विद्युत् (पिपिए) हुने चरणमा रहेकाले सरकारले राखेको विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न समस्या नहुने उल्लेख गरे ।

विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंहले ऊर्जा विकास मार्गचित्रलाई कार्यान्वयन गर्न ठूलो बजेटको खाँचो रहेको भन्दै यसलाई पूरा गर्न सबैको हातेमालो आवश्यक रहेको बताए । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा विकास मार्गचित्रले राखेको लक्ष्य पूरा गर्न प्राधिकरणले जलाशययुक्त आयोजना निर्माणमा ध्यान दिएको बताए । उनले नेपालको विद्युत् विकासमा दातृ निकायले गरेको सहयोगप्रति आभार व्यक्त गरे ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले ऊर्जा विकास मार्गचित्रलाई प्राथमिकतामा राखेर केन्द्रले आगामी दिनमा आफ्ना कार्यक्रमलाई अगाडि बढाउन लागेको बताए । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले ऊर्जा विकास मार्गचित्र नेपालको उर्जा विकासको क्षेत्रमा ऐतिहासिक भएकाले यसलाई कार्यान्वयन गर्न निजी क्षेत्रको पूर्ण सहयोग रहेको उल्लेख गरे ।

एसियाली विकास बैंकका देशीय निर्देशक अर्नाउड काइचोइसले नेपालको ऊर्जा क्षेत्रको विकासमा दातृ निकायले लामो समयदेखि सहयोग गर्दै आएको र सरकारले राखेको ऊर्जा विकास मार्गचित्रको लक्ष्य पूरा गर्न आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले दक्षिण एसियाली मुलुकको अर्थतन्त्र सुधार गर्न यस्ता कार्यक्रमलबाट सहयोग पुग्ने बताए ।

छलफलमा एशियाली विकास बैंक (एडिबी)सँगै विश्व बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), जर्मन फेडरल इन्टरप्राइज फर इन्टरनेसनल कोअपरेसन (जिआइजेड), अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), नर्वेजियन राजदूतावासलगायत दातृ निकायका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो ।

## निर्यात ३१ प्रतिशतले बढ्दा पनि व्यापार घाटा उच्च

■ प्रभाव संवाददाता

**काठमाडौं –** चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालले कूल रू नौ खर्ब २१ अर्ब १६ करोडको वैदेशिक व्यापार गर्दा रू सात खर्ब २३ अर्ब ५८ करोड १३ लाख घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत पुस मसान्तसम्ममा रू आठ खर्ब २२ अर्ब ३७ करोड पाँच लाख बराबरको वस्तु आयात हुँदा रू ९८ अर्ब ७८ करोड ९२ लाख बराबरको मात्रै निर्यात भएको छ ।

गत आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात सात प्रतिशत र निर्यात ३१ दशमलव ७८ प्रतिशतले बढेको छ । त्यस्तै, व्यापार घाटा चार दशमलव ३८ प्रतिशतले बढेको छ । गत आवको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालु आवको सोही अवधिमा कूल वैदेशिक व्यापारमा निर्यातको योगदान दुई दशमलव ०१ प्रतिशतले घटेर ८९ दशमलव २८ प्रतिशत कायम भएको छ ।

नेपालले सबैभन्दा धेरै व्यापार घाटा भारतसँग व्यहोरेको छ । पछिल्लो छ महिना अवधिमा भारतबाट रू पाँच खर्ब दुई अर्ब ८५ करोड बराबरको वस्तु आयात गर्दा रू ७३ अर्ब ७१ करोड १२ लाख बराबरको निर्यात गरेको छ । जसअनुसार यो अवधिमा भारतसँगको मात्र व्यापार घाटा रू चार खर्ब २९ अर्ब १४ करोड बराबर छ । त्यस्तै, चालु आवको पुस मसान्तसम्ममा चीनसँग रू एक खर्ब ५८ अर्ब ६२ करोड र अर्जेन्टिनासँग रू २२ अर्ब ६२ करोड व्यापार घाटा व्यहारेको छ ।

नेपालले एक सय २३ मुलुकसँग व्यापार घाटा बेहोरेको छ भने ३२ वटा मुलुकसँग व्यापार नाफा बेहोरेको छ । नेपालले गर्ने वैदेशिक व्यापारमा बढी नाफा रहेका मुलुकमा डेनमार्क, अस्ट्रिया, रसियन फेडेरेसन, माल्दिभ्सलगायत छन् ।

## नेप्से परिसूचकमा झिनो सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार झिनो अंकको सुधार देखिएको छ । परिसूचक पाँच दशमलव ०८ अंकले बढेर दुई हजार छ सय १३ दशमलव ०८ को विन्दुमा कायम भएको हो । तीन सय ११ कम्पनीको एक करोड १६ लाख २६ हजार २० कित्ता कारोबार भएको छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं ।
- नियमित सवारी साधनको जाँच गरौं,
- मादक पदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोबाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नबिल बैंकद्वारा जाजरकोट र रूकुममा कम्बल वितरण

**काठमाडौं (प्रस)–** नबिल बैंकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितलाई कम्बल वितरण गरेको छ । भूकम्पपछि जाजरकोट र रुकुम पश्चिममा बैंकले निर्माण गरेका ९६ वटा अस्थायी आवासमा बसोबास गरिरहेका परिवारलाई कम्बल वितरण गरिएको हो ।

बैंकले एक कार्यक्रम आयोजना गरी यही माघ १ गते नलगाड-१ का वडा अध्यक्ष धनबहादुर महर र माघ २ गते चौरजहारी-१ का वडा अध्यक्ष ईन्द्रे गिरीको उपस्थितिमा कम्बल वितरण गरेको थियो । यस वर्षको हिउँदमा पनि अस्थायी आवासमा बिताउनु पर्दा खासगरी



वृद्धवृद्धा, बालबालिका र सुत्केरीहरूको स्वास्थ्यमा पर्नसक्ने समस्यालाई ध्यानमा राखी कम्बल वितरण गरिएको नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए ।

बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय सरकारसँगको साझेदारीमा जाजरकोटको नलगाड नगरपालिका-१ मा ४७ र रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ का भूकम्पपीडितका लागि ४९ वटा अस्थायी आवास निर्माण गरेको थियो । सोही अस्थायी आवासमा बसोबास गर्ने परिवारका लागि यसपटक कम्बल वितरण गरिएको बैंकले जनाएको छ । त्यसअवसरमा नलगाड-१ का अध्यक्ष महर र चौरजहारी-१ का अध्यक्ष गिरीले भूकम्प प्रभावितका लागि ओत लाग्न सुरक्षित ठाउँ उपलब्ध गराउनुका साथै यसवर्ष चिसोबाट बच्न कम्बल वितरण गरी राहत उपलब्ध गराएकामा नबिल बैंकलाई धन्यवाद दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ